# <u>प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेक</u>

<u>प्रस्तावना</u>: प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश सभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ को दफा ८ मा संशोधनः</u> प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी संसद् सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरी अनुभव प्राप्त गरेको,"

३. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. <u>आवास सुविधाः</u> प्रदेश सभा सचिवालयले सचिवलाई आवास सुविधा उपलब्ध गराउनेछ।"

४. <u>मूल ऐनमा दफा १९क. थपः</u> मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छः-

"१९क. <u>निजी सचिव राख्न सक्नेः</u> सचिवले प्रदेश सरकारको सहायक स्तर चौंथो तहको कर्मचारीलाई निजी सचिव राख्न सक्नेछ।"

## प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

## तीन महले विवरण

| क्र.सं. | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | **प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ को दफा ८ योग्यताः** सचिवको लागि आवश्यक पर्ने योग्यता देहायबमोजिम हुनेछः-<br>(क) नेपाली नागरिक,<br>(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी प्रशासनिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,<br>तर, संसद सेवामा राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त गरेको व्यक्तिको हकमा शैक्षिक योग्यता तर्फ मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरेको भए हुने।<br>(ग) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(घ) कम्तीमा चालिस वर्ष पूरा भएको र पैसठ्ठी वर्ष ननाघेको,<br>(ङ) उच्च नैतिक चरित्र भएको,<br>(च) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको। | **प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ को दफा ८ मा संशोधनः** प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-<br>"(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी संसद् सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरी अनुभव प्राप्त गरेको," | प्रदेश सभाको सचिव पदमा योग्य र सक्षम व्यक्ति नियुक्त गर्न आवश्यक भएको। |
| २. | **दफा १७. आवास सम्बन्धी सुविधाः** प्रदेश सभा सचिवालयले उपलब्ध गर्नेछ। | **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-<br>"१७. **आवास सुविधाः** प्रदेश सभा सचिवालयले सचिवलाई आवास सुविधा उपलब्ध गराउनेछ।" | थप स्पष्ट गर्न आवश्यक भएको। |
| ३. | हाल व्यवस्था नभएको। | **मूल ऐनमा दफा १९क. थपः** मूल ऐनको दफा १९ पछि देहायको दफा १९क. थपिएको छः-<br>"१९क. **निजी सचिव राख्न सक्नेः** सचिवले प्रदेश सरकारको सहायक स्तर चौथो तहको कर्मचारीलाई निजी सचिव राख्न सक्नेछ।" | निजी सचिवको व्यवस्था गर्न आवश्यक भएको। |